# आकाशवाणी समाचार- नेपाली

मितिः १७ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा लगभग ११ हजार करोड रुपियाँ बराबरका दुई राष्ट्रिय राजमार्ग परियोजनाहरूको उद्घाटन गर्नु हुनेछ।

२. विदेशमन्त्री एस. जयशंकरले हिजो नयाँ दिल्लीमा दक्षिण कोरियाका विदेशमन्त्री चो ह्युनसँग भेटवार्ता गर्नुभयो।

३. चीनका विदेशमन्त्री वाङ यी दुई दिने भ्रमणमा भोलि भारत आइपुग्नु हुँदैछ।

४. वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले मेक इन इन्डियाको सफलताका कारण एक दशकमा इलेक्ट्रोनिक्स उत्पादन ३१ अरब डलरबाट बढेर १३३ अरब डलर पुगेको बताउनु भएको छ।

५. भारतकी तान्या हेमन्तले साइपान इन्टरनेशनल ब्याडमिन्टन प्रतियोगिताको महिला एकल उपाधि जितेकी छन्।

**प्रधानमन्त्री - दिल्ली परियोजनाहरू**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा लगभग ११ हजार करोड रुपियाँ बराबरका दुई राष्ट्रिय राजमार्ग परियोजनाहरूको उद्घाटन गर्नु हुनेछ। यसमा द्वारका एक्सप्रेसवेको दिल्ली खण्ड र शहरी विस्तार मार्ग - यू.ई.आर  समावेश छ। सामाजिक सञ्जाल पोस्टमा, प्रधानमन्त्रीले भन्नु भएको छ, सरकार दिल्लीमा पूर्वाधार विकास गरेर नागरिकहरूको जीवनस्तर सुधार गर्न प्रतिबद्ध छ। यी परियोजनाहरू राष्ट्रिय राजधानीमा भीडभाड कम गर्न विकास गरिएको हो।श्री मोदीले उद्घाटनमा जनसमूहलाई पनि सम्बोधन गर्नुहुनेछ।द्वारका एक्सप्रेसवेको १० किलोमिटरभन्दा लामो दिल्ली खण्डको निर्माणले यशोभूमि, दिल्ली मेट्रोको ब्लू र ऑरेंज लाइनहरु आगामी बिजवासन रेलवे स्टेशन र द्वारका क्लस्टर बस डिपोबीचको आवागमनलाई सहज बनाउनेछ।यूईआर-टू ले अलिपुरबाट दिल्लीको भित्री र बाहिरी रिंग रोडहरू साथै मुकरबा चौक, धौला कुआन र राष्ट्रिय राजमार्ग-९ सम्मको ट्राफिक आवागमनलाई सहज बनाउनेछ।

**जयशंकर - कोरियाका विदेशमन्त्री**

विदेशमन्त्री एस. जयशंकरले हिजो नयाँ दिल्लीमा दक्षिण कोरियाका विदेशमन्त्री चो ह्युनसँग भेटवार्ता गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै उहाँले दुई पक्षले व्यापार, उत्पादन, समुद्री र जनता-जनता आदानप्रदान लगायत विभिन्न क्षेत्रमा सहयोग बढाउने तरिकाहरूबारे छलफल गरेको बताउनु भयो। दुई नेताहरूले यांत्रिक मेधा, सेमीकण्डक्टर, स्वच्छ ऊर्जा, रक्षा हिन्द-प्रशान्त क्षेत्र र वर्तमान वैश्विक घटनाक्रमहरु क्षेत्र र वर्तमान विश्वव्यापी विकासहरूबारे पनि छलफल गर्नुभयो।
यो वर्ष दुई देशहरूबीचको विशेष रणनीतिक साझेदारीको १० औं वार्षिकोत्सव पनि हो। श्री चो ह्युनले आतंकवादको मुद्दामा दक्षिण कोरियाको अडान धेरै कडा रहेको बताउनु भयो। पहलगाम आतंकवादी आक्रमणको बारेमा श्री ह्युनले दक्षिण कोरिया कुनै पनि प्रकारको आतंकवादी आक्रमणको विरुद्धमा रहेको बताउनु भयो। उहाँले भन्नु भयो, दक्षिण कोरिया भारत सरकार र भारतका जनताको साथमा उभिएको छ।

**चीनका विदेशमन्त्रीको भ्रमण**

चीनका विदेशमन्त्री वाङ यी दुई दिने भ्रमणमा भोलि भारत आइपुग्नु हुँदैछ। राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालको निमन्त्रणामा उहाँको भ्रमण हुन लागेको हो। श्री वाङ यीले भारत-चीन सीमा मुद्दामा २४ औं चरणको विशेष प्रतिनिधि स्तरको वार्तामा श्री डोभालसँग भाग लिनुहुनेछ।विदेशमन्त्री डा. एस. जयशंकरले चिनियाँ विदेशमन्त्रीसँग पनि वार्ता गर्नु हुनेछ।

**भाजपा संसदीय बोर्ड**

भारतीय जनता पार्टी संसदीय बोर्डको बैठक आज नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा बस्दैछ। यसमा उप राष्ट्रपति चुनावका लागि उम्मेदवारको बारेमा छलफल हुन सक्छ। सत्तारुढ राष्ट्रिय लोकतान्त्रिक गठबन्धनका नेताहरूले सर्वसम्मतिले प्रधानमन्त्री नरेन्द्र मोदी र भाजपा अध्यक्ष जगत प्रकाश नड्डालाई उप राष्ट्रपति पदको उम्मेदवार छनौट गर्न अधिकार दिने प्रस्ताव पारित गरेका छन्।उप राष्ट्रपति चुनावका लागि बिहीबारसम्म मनोनयन दर्ता गर्न सकिनेछ। चुनाव ९ सेप्टेम्बरमा हुनेछ। श्री जगदीप धनखडको राजीनामाका कारण यो चुनाव भइरहेको छ।

**विदेश सचिव - नेपाल भ्रमण**

नेपालका विदेश सचिव अमृतबहादुर राईको निमन्त्रणामा विदेश सचिव विक्रम मिश्री आजदेखि नेपालको दुई दिने भ्रमणमा जान्दै हुनुहुन्छ। भारत र नेपालबीच बलियो मैत्रीपूर्ण सम्बन्ध छ। हालैका वर्षहरूमा दुई देशबीच विभिन्न क्षेत्रमा सहयोग उल्लेखनीय रूपमा बढेको छ। विदेश मन्त्रालयले भारतले आफ्नो छिमेकी प्रथम नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई प्राथमिकता दिने बताएको छ।

**गोयल- इलेक्ट्रोनिक्स निर्यात**

चालू आर्थिक वर्षको पहिलो त्रैमासिकमा भारतको इलेक्ट्रोनिक्स निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४७ प्रतिशतभन्दा बढीले बढेको छ। वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले सामाजिक सञ्जाल पोस्टमा मेक इन इन्डियाको सफलताका कारण विगत एक दशकमा इलेक्ट्रोनिक्स उत्पादन ३१ अरब डलरबाट बढेर १३३ अरब डलर पुगेको बताउनु भएको छ।श्री गोयलले भन्नु भयो, सरकारले भारतलाई उत्पादन क्षेत्रमा आत्मनिर्भर बनाउन धेरै प्रयास गरेको छ। फलस्वरूप, भारतमा मोबाइल उत्पादन एकाइहरूको संख्या ३०० भन्दा बढी पुगेको छ, जबकि २०१४ मा, तिनीहरूको संख्या केवल दुई थियो। उहाँले भन्नु भयो, भारत अब मोबाइल आयातकर्ता होइन, तर विश्वको दोस्रो ठूलो मोबाइल फोन निर्माता हो। श्री गोयलले भन्नु भयो, इलेक्ट्रोनिक्स क्षेत्रमा धेरै रोजगारीका अवसरहरू सिर्जना भएका छन्।

**अन्तरिक्ष यात्री शुक्ला - फिर्ता**

भारतका अन्तरिक्ष यात्री, समूह क्याप्टन शुभांशु शुक्लाको दिल्ली अन्तर्राष्ट्रिय विमानस्थलमा आगमनमा न्यानो स्वागत गरिएको थियो। आइतबार बिहान उहाँलाई केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंह, दिल्लीका मुख्यमन्त्री रेखा गुप्ता र इसरोका अध्यक्ष डा. वी. नारायणनले विमानस्थलमा न्यानो स्वागत गरेका थिए। उहाँको स्वागत गर्न उनकी श्रीमती र छोरा पनि उपस्थित थिए। अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन भ्रमण गर्ने पहिलो भारतीयको रूपमा इतिहास रचेपछि, शुभांशु शुक्लाले आफ्नो अभूतपूर्व मिशनको भौतिक मागहरूबाट मुक्त हुन संयुक्त राज्य अमेरिकामा पुनर्वास कार्यक्रम गरे।उहाँले यस वर्ष २५ जुनमा फ्लोरिडाको केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको नासाको Axiom-4 मिसनको संचालन गर्नु भएको थियो। यस मिशनको क्रममा, शुक्लाले अन्तरिक्षमा वैज्ञानिक अनुसन्धानलाई अगाडि बढाउने उद्देश्यले अभूतपूर्व सूक्ष्म-गुरुत्वाकर्षण प्रयोगहरू गर्नु भयो। उहाँले गत महिनाको १५ तारिख सुरक्षित रूपमा पृथ्वीमा फर्किनु भएको थियो।इन्स्टाग्राममा, शुक्लाले आफ्नो यात्रा र साथीभाइ र परिवारसँग पुनर्मिलनको उत्साहलाई सम्झँदै भावनात्मक पोस्ट साझा गर्नु भयो। उहाँ भारतको पहिलो मानव अन्तरिक्ष उडान अभियान, गगनयानका लागि छनोट भएका अन्तरिक्ष यात्रीहरूमध्ये एक हुन्, जुन अर्को वर्षको अन्त्यतिर प्रक्षेपण गरिने तय भएको छ।

**मुम्बई-दही हांडी**

भारी वर्षाको बीचमा हिजो मुम्बई महानगर क्षेत्रमा दही हांडी पर्व धुमधामका साथ मनाइयो। गोविन्दहरूको समूहले जमिनबाट माथि झुण्डिएका दहीले भरिएका भाँडाहरू तोड्न एकअर्कासँग प्रतिस्पर्धा गरे। उपनगरीय मानखुर्दमा, दही हांडी बाँध्ने क्रममा पहिलो तलाबाट लडेर ३२ वर्षीय एक व्यक्तिको मृत्यु भयो। पिरामिड बनाउने क्रममा लागेको चोटका कारण हिजो साँझसम्म मुम्बईमा ३२ गोविन्दहरु अस्पतालमा भर्ना भएका छन्।

**गोयल-मुम्बई दही हांडी**

केन्द्रीय मन्त्री पियुष गोयलले हिजो उत्तरी मुम्बईमा दही हांडी समारोहमा भाग लिनु भयो। यस अवसरमा मानव पिरामिडहरू बनाइएका थिए र मलाड, बोरिवली, दहिसर र मागाठाणे जस्ता क्षेत्रहरूमा ठूलो संख्यामा मानिसहरू उपस्थित थिए। केन्द्रीय मन्त्रीले धैरै दही हांडी कार्यक्रमहरूमा भाग लिनु भयो र मानिसहरूलाई उत्सवको शुभकामना दिनु भयो र बहादुर गोविन्दहरूको भावनालाई अभिवादन गर्नु भयो। उहाँले जोड दिनु भयो, दही हांडी परम्परा, एकता र वीरताको उत्सव हो र विश्वास र टोली कार्यमा आधारित यी मानव पिरामिडहरूले हाम्रो सामूहिक आकांक्षालाई प्रतिबिम्बित गर्छन्।

**नागाल्याण्ड-राज्यपाल**

राष्ट्रपति द्रौपदी मुर्मुले मणिपुरका राज्यपाल अजय कुमार भल्लालाई नागाल्याण्डको राज्यपालको अतिरिक्त कार्यभार सुम्पनु भएको छ। नागाल्याण्डका राज्यपाल लक्ष्मी गणेशनको निधनपछि श्री भल्लालाई राज्यपाल नियुक्त गरिएको राष्ट्रपति भवनले जनाएको छ।

**भारी वर्षा**

क्षेत्रीय मौसम विज्ञान केन्द्र, मुम्बईले हिजोदेखि यस महिनाको २१ तारिखसम्म महाराष्ट्रमा भारी वर्षाको चेतावनी जारी गरेको छ। राज्य आपतकालीन सञ्चालन केन्द्रले तेज हावासँगै धैरै भारीदेखि अत्यन्तै भारी वर्षा हुने सम्भावना भएकाले जनतालाई सावधानी अपनाउन सचेत गराएको छ। हिजोदेखि यस महिनाको २० तारिखसम्म कोंकण तटमा समुन्द्रको अवस्था खतरनाक हुने अनुमान गरिएको छ, जहाँ हावाको गति प्रतिघण्टा ५०-६० किलोमिटर पुग्न सक्छ। यस अवधिमा माछा मार्ने मछुवाराहरूलाई समुद्रमा नजान सल्लाह दिइएको छ।रायगड जिल्लामा, अम्बा नदीले खतराको चिन्ह पार गरेको छ, जबकि रत्नागिरी जिल्लाको कुण्डलिका, जगबुडी र कोडावली नदीहरूले चेतावनीको चिन्ह पार गरेका छन्। यी क्षेत्रकानागरिकहरूलाई सुरक्षित रहन र स्थानीय अधिकारीहरूले जारी गरेका निर्देशनहरू पालना गर्न आग्रह गरिएको छ।प्राधिकरणले प्रभावित क्षेत्रका बासिन्दाहरूलाई सम्भावित गम्भीर मौसमको यस अवधिमा सतर्क रहन र आवश्यक सावधानी अपनाउन सल्लाह दिएको छ।

**ब्याडमिन्टन - साइपान इन्टरनेशनल**

भारतकी तान्या हेमन्तले साइपान इन्टरनेशनल ब्याडमिन्टन प्रतियोगिताको महिला एकल उपाधि जितेकी छन्। उत्तरी मारियाना टापुहरूमा हिजो भएको फाइनलमा तान्याले जापानकी काने सकाईलाई पराजित गरिन्। यो तान्याको वर्षको पहिलो र उनको करियरको चौथो अन्तर्राष्ट्रिय चुनौती उपाधि हो।यसअघि, तान्याले २०२२ मा इन्डिया इन्टरनेशनल, २०२३ मा इरान फजर इन्टरनेशनल र गत वर्ष बेन्डिगो इन्टरनेशनल जितेकी थिइन्। उनी गत वर्ष अजरबैजान इन्टरनेशनलमा पनि उपविजेता थिइन्।